**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३५१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस २९ गते मंगलबार ❑ 13 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## कांग्रेसलाई युवापुस्ताले विश्वास गर्नसक्ने बनाउने महामन्त्री थापाको प्रस्ताव

**रासस**
काठमाडौं, २८ पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीलाई नवीनपुस्ताले विश्वास र भरोसा गर्नसक्ने गतिशील र आधुनिक लोकतान्त्रिक शक्ति बनाउने सङ्कल्पसहितको समसामयिक राजनीतिक प्रस्ताव पेस गर्नुभएको छ।

पार्टीका महामन्त्रीद्वय थापा र विश्वप्रकाश शर्माको अगुवाइमा आइतबारदेखि राजधानीमा जारी दोस्रो दिनको विशेष महाविधेशनको बन्दसत्रमा सोमबार प्रस्तुत सो प्रस्तावमा थापाले विशेष केन्द्रीय महाधिवेशनबाट सुनौलो भविष्यतिर उन्मुख, स्पष्ट मार्गदर्शन, व्यवस्थापनमा अब्बल पार्टी निर्माण गर्ने उल्लेख गर्नुभएको छ । "कांग्रेसलाई २००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६२/६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको पार्टी बनाउनेछौँ", महामन्त्री थापाद्वारा प्रस्तुत प्रस्तावमा भनिएको छ ।



महामन्त्री थापाले पार्टीको नेतृत्वमा ऐतिहासिक संविधासभामार्फत बनेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्मलाई गम्भीरतापूर्वक आत्मसात गर्दै संविधानको समयानुकूल उदार र प्रातिशीलपरिवर्तनआजकोआवश्यकताभएको बताउनुभयो । उहाँले संविधानको गतिशील कार्यान्वयनबाट मुलुकको राजनीतिलाई सही बाटोमा ल्याउनु र समुन्नतितर्फ डोहोऱ्याउनु आजको मुख्य राष्ट्रिय जिम्मेवारी भएको उल्लेख गर्नुभयो । "आज देशको राजनीतिक गतिप्रति जनतालाई आशा र विश्वासको उत्साहजनक सन्देश प्रवाह गर्दै समुन्नत नेपाल निर्माणको अग्रणी शक्ति बनाउने घडी आएको छ", प्रस्तावमा थापाले भन्नुभएको छ, "यही ऐतिहासिक राष्ट्रिय दायित्वको सङ्कल्पसहित यो विशेष परिस्थितिमा विशेष महाविधशेन आयोजना गरिएको हो।" राजनीतिक प्रस्तावमा महामन्त्री थापाले जेनजी प्रदर्शनपछिको अवस्थामा विशेष महाधिवशेनको आवश्यकता, विशेष महाधिवेशनको वैधानिक प्रावधान, नेपाली कांग्रेसको ऐतिहासिक परम्परा, आजको परिदृश्य र नेपाली कांग्रेसलगायत समसामयिक राजनीतिक प्रस्ताव र विशेष महाविधेशनको नीतिगत सङ्कल्प समेटूनुभएको छ। महामन्त्री थापाले देश र पार्टीका लागि असाधारण परिस्थितिमा हुन गइरहेको विशेष महाधिवेशनले पार्टीलाई राजनीतिक शक्तिका रूपमा मात्रै सीमित नभई लोकतन्त्रप्रति पूर्ण निष्ठावान, समाजप्रति प्रतिबद्ध, जनताप्रति उत्तरदायी र स्थापनाकालीन जनमुखी आदर्शमा कृतसङ्कल्पित समुन्नत नेपालको नेतृत्वदायी र विश्वासयोग्य शक्तिका रूपमा पुनः स्थापित गर्ने बताउनुभएको छ।

राजनीतिक प्रस्तावमा पार्टीभित्र र बाहिरका आमकांग्रेसजनमा देखिएको उदासिनताको बादललाई हटाउँदै नवीन ऊर्जा, उत्साह, एकता र रुपान्तरणसहित समुन्नत नेपाल निर्माणको अभियानमा एकजुट भएर अघि बढ्न १७ बुँदे विशेष सङ्कल्प समेटिएको छ। प्रस्तावमा भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन र सुशासनका लागि प्रभावकारी कानुन निर्माण र कानुनको कार्यान्वयन, संस्था र निकायहरूको कार्यक्षमता अभिवृद्धि, कार्यविधि सरलीकरण र सुदृढीकरण गर्दै समग्र प्रशासनिक प्रणालीलाई पारदर्शी, चुस्त र जनउत्तरदायी बनाउने सङ्कल्प गरिएको छ। प्रस्तावमा भनिएको छ, "निषेधको राजनीति नगर्न, संयमता अपनाउन तथा संवादमार्फत निकास खोज्न सम्बन्धित सबै पक्षलाई आह्वान गर्दै भयरहित निर्वाचनको पक्षमा आफ्नो दृढता प्रकट गर्दछ।"

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकीमा महिला मतदाता धेरै

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका गण्डकी प्रदेशमा कुल १८ लाख ७० हजार ६५ मतदाता कायम भएका छन् ।

जसमा महिला मतदाताको सङ्ख्या नौ लाख ५५ हजार ५१६ छभने पुरुषको मतदाताको सङ्ख्या नौ लाख १४ हजार ५३५ रहेको छ । पुरुष मतदाताभन्दा महिला मतदाताको सङ्ख्या ४० हजार ९८१ ले बढी रहेको प्रदेश निर्वाचन कार्यालय, पोखराले जनाएको छ । जिल्लागत रूपमा गोरखाबाहेक प्रदेशका १० वटै जिल्लामा महिला मतदाताको सङ्ख्या बढी रहेको कार्यालयका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले बताउनुभयो । गोरखामा एक लाख १४ हजार ८३७ पुरुष र एक लाख १४ हजार २२० महिला मतदाता कायम भएका छन् । मनाङमा तीन हजार ३७७ पुरुष र तीन हजार ६२३ महिला मतदाता छन् । लमजुङमा ६७ हजार छ सय पुरुष र ६९ हजार ५२४ महिला, कास्कीमा एक लाख ४८ हजार ५१५ पुरुष र एक लाख ६० हजार ११५ महिला मतदाता छन् । यस्तै तनहुँमा एक लाख २३ हजार ४९१ पुरुष र एक लाख ३० हजार ९०६ महिला, स्याङ्जामा एक लाख २२ हजार ४६४ पुरुष र एक लाख २६ हजार ३५१ महिला मतदाता रहेका छन् । नवलपुरमा पुरुष मतदाताको सङ्ख्या एक लाख २९ हजार ५४ छभने महिला मतदाताको सङ्ख्या एक लाख ३९ हजार ४६८ छ । मुस्ताङमा पाँच हजार ५५९ पुरुष मतदाता, महिला पाँच हजार ७६८, म्याग्दीमा ४२ हजार ३०२ पुरुष र ४४ हजार ६४ महिला मतदाता रहेका छन् । बागलुङमा ९४ हजार ८०६ पुरुष मतदाता छन्भने महिला मतदाताको सङ्ख्या ९८ हजार ५७४ रहेको छ। पर्वतमा ६२ हजार छ सय पुरुष र ६२ हजार ८६५ महिला मतदाता कायम भएका छन्। महिला र पुरुषबाहेक अन्य मतदाताको सङ्ख्या १४ रहेको सूचना अधिकारी न्यौपानेले जानकारी दिनुभयो। उहाँका अनुसार सबैभन्दा बढी कास्कीमा तीन लाख आठ हजार ५७२ मतदाता रहेका छन् । सबैभन्दा कम मनाङमा मतदाता सङ्ख्या जम्मा सात हजार छ।

निर्वाचनका लागि प्रदेशका ११ वटै जिल्लामा एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र कायम गरिएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ। गोरखामा २२५, स्याङ्जामा १९९, कास्कीमा १५३, तनहुँमा १४४, लमजुङमा १३०, नवलपुरमा ११४, बागलुङमा १०७, म्याग्दीमा ८२, पर्वतमा ७६, मुस्ताङमा ३९ र मनाङमा २८ मतदानस्थल रहेका छन्।

## कावा सभापति खड्काद्वारा पार्टीमा एकताका साथ अगाडि बढ्न आग्रह

**रासस**
काठमाडौं, २८ पुस

नेपाली कांग्रेसका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले पार्टीमा एकताका साथ अगाडि बढ्न सबैलाई आग्रह गर्नुभएको छ।

कांग्रेस विशेष महाधिवेशन पक्षधरहरूको आह्वानमा भृकुटीमण्डमा विशेष महाधिवेशनको बन्दसत्र चलिरहेको परिस्थितिमा उहाँले विज्ञप्ति जारी गर्दै पार्टी एकतामा प्रतिकूल असर पर्ने कुनै पनि गतिविधि नगर्नसमेत आग्रह गर्नुभएको हो । कार्यवाहक सभापति खड्काले मुलुकको विषम् परिस्थितिप्रति गम्भीर हुँदै पार्टीभित्र उत्पन्न असहज अवस्थालाई समाप्त पार्न जरुरी रहेको उल्लेख गर्नुभएको छ । "अहिले मुलुक गम्भीर अवस्थामा छ । देशको सर्वोच्च जननिर्वाचित संस्था प्रतिनिधिसभा विघटन भएको छ । अन्योल र अनिश्चितताको वर्तमान अवस्थामा देश र लोकतन्त्रका बारेमा सर्वत्र चासो र चिन्ता व्याप्त छ । आगामी फागुन २१ गते प्रतिनिधिसभा सदस्यको निर्वाचन तोकिएको छ", विज्ञप्तिमा भनिएको छ।

उक्त निर्वाचनमार्फत संविधानलाई लिकमा ल्याई लोकतान्त्रिक तथा संवैधानिक व्यवस्थालाई पुनः सञ्चालन गर्नुपर्ने उहाँले बताउनुभयो। यस अवस्थामा नेपाली कांग्रेस एकताबद्ध, सङ्गठित र सुदृढ हुन अपरिहार्य रहेको बताउँदै उहाँले कांग्रेसमा अहिले असहज र अन्योलको स्थिति उत्पन्न भएकाले सबैले आपसी समन्वयसहित एकता कायम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

## गण्डकी र कोशी प्रदेशबीच पर्यटन प्रवर्द्धनका लागि समझदारीपत्रमा हस्ताक्षर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

पर्यटनको राजधानीका रूपमा स्थापित गण्डकी प्रदेशबाट सिकाइ र अनुभव आदान-प्रदान गर्दै कोशी प्रदेशले आफ्नो पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुऱ्याउने लक्ष्यसहित पोखरामा गण्डकी प्रदेशसँग ९ बुँदे समझदारी गरेको छ।

कोशी प्रदेश पर्यटन वर्ष २०८२ लाई प्रभावकारी बनाउन गरिएको यस अन्तरप्रदेश सहकार्यबाट दुबै प्रदेशमा पर्यटन प्रवर्द्धन तीव्र हुने विश्वास गरिएको छ। कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भिम पराजुलीको नेतृत्वमा पोखरा आएको



टोलीलाई गण्डकी प्रदेशको राजधानी पोखरामा स्वागत गर्दै सोमबार बृहत् अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो । सोही अवसरमा पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश र उद्योग तथा पर्यटन मन्त्रालय गण्डकी प्रदेशबीच ९ बुँदे समझदारी पत्रमा हस्ताक्षर भएको हो । समझदारी पत्रमा कोशी प्रदेशका तर्फबाट प्रदेश सचिव डा.इन्द्रप्रसाद सापकोटा र गण्डकी प्रदेशका तर्फबाट उद्योग तथा पर्यटन मन्त्रालयका नि.प्रदेश सचिव टीकाराम पौडेलले हस्ताक्षर गरेका हुन्। हस्ताक्षर समारोहमा दुवै प्रदेशका पर्यटन मन्त्री, सचिव तथा पर्यटन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको उपस्थिति रहेको थियो । समझदारी अनुसार पोखरा-विराटनगर सिधा हवाई सेवा र पर्यटकीय स्तरका बस सेवा सञ्चालनका लागि संघीय सरकारसमक्ष संयुक्त पहल गरिनेछ। यससँगै दुबै प्रदेशमा भएका पर्यटनसम्बन्धी असल अभ्यासको आदान-प्रदान, प्रमुख पर्यटकीय गन्तव्यहरूको संयुक्त प्रचार-प्रसार तथा हवाई भाडासम्बन्धी विषयमा आपसी सहकार्य गरिने उल्लेख छ। त्यस्तै, पर्यटन पूर्वाधार विकास, पहुँच विस्तार, मानव संसाधन विकास तथा संस्थागत सहकार्यलाई थप मजबुत बनाउने सहमति भएको छ। सरकारी कर्मचारी र सामुदायिक विद्यालयका शिक्षकलाई लक्षित गरी अन्तरप्रदेश भ्रमण कार्यक्रम सञ्चालन गर्ने तथा निजी क्षेत्रको सहभागितामा सुलभ पर्यटन प्याकेज विकास गर्ने विषयलाई पनि समझदारीमा प्राथमिकता दिइएको छ । धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनलाई केन्द्रमा राख्दै कोशी र गण्डकी प्रदेशका प्रमुख धार्मिक गन्तव्यलाई जोडेर धार्मिक पर्यटन सर्किट विकास गरिनेछ। पहिलो चरणमा कोशी प्रदेशका पाथिभरा, बराहक्षेत्र र हलेसी तथा गण्डकी प्रदेशका मनकामना, मुक्तिनाथ र दामोदर कुण्डलाई समेटेर धार्मिक सर्किट निर्माण गर्ने सहमति भएको छ। अन्तर्राष्ट्रिय पर्यटन प्रवर्द्धनका लागि पर्यटन बोर्ड तथा सम्बन्धित निकायहरूमार्फत सहकार्य गर्ने, संयुक्त रूपमा पर्यटन दूत नियुक्त गर्ने र दुबै प्रदेशका होमस्टेहरूबीच भगिनी सम्बन्ध स्थापना गर्ने विषय पनि समझदारीमा समावेश गरिएको छ। समझदारी कार्यान्वयनका लागि 'गण्डकी-कोशी पर्यटन प्रवर्द्धन समन्वय समिति' गठन गरिनेछ, जसको संयोजक दुवै प्रदेशका पर्यटन मन्त्री पालैपालो रहनेछन् । कार्यक्रममा सहभागी वक्ताहरूले अन्तरप्रदेश पर्यटन प्रवर्द्धनको पहिलो र अनिवार्य सर्त कनेक्टिभिटी भएकोमा जोड दिएका छन्। विगतमा पोखरा-भद्रपुर, पोखरा-विराटनगर तथा पोखरा-भरतपुर हवाई सेवा सञ्चालनमा रहे पनि हाल ती सेवा बन्द हुँदा एक प्रदेशबाट अर्को प्रदेश पुग्न पर्यटकलाई कठिनाइ भइरहेको पर्यटन व्यवसायीहरूको गुनासो थियो । गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले पर्यटनलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा विकास गर्न दीर्घकालीन नीति र प्रदेशबीच भएका समझदारीको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए। नेपालमा पर्यटनको योगदान हाल जीडीपीमा करिब ६.५ प्रतिशत रहेको उल्लेख गर्दै सरकार र निजी

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

**भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गरौं ।**

- मौलिक संस्कृतिको रक्षा गरौं।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं।
- मातृभाषाको सम्मान गरौं।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पोशाकलाई प्राथमिकता दिऔं।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं।
- आधुनिकता र प्रविधिसँगै आफ्नो मौलिक परम्परा जोगाऔं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

**सुपथ मूल्यमा आकर्षक छपाइ**



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बरालको स्मृतिमा वडा १३ मा निःशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



स्वर्गीयबोधराजबरालभौतिक रूपमा आज हामीमाझ हुनुहुन्न । तर पोखरा महानगरपालिका वडा नं. १३, बाँझापाटन निवासी उहाँले सिकाउनु भएको मानवता, करुणा र सेवाभाव आज पनि उत्तिकै जीवन्त छ । जीवनभर अरूको पीडामा आँखा नचिम्लिन र 'मानव सेवा नै सर्वोच्च धर्म हो' भन्ने जीवनदर्शन अंगाल्नुभएका स्व. बरालको स्मृतिमा आयोजित निःशुल्क स्वास्थ्य शिविरले तिनै महान् सन्देशहरू बोकेको थियो । "मृत्युले शरीरलाई मात्र रोक्छ, सेवाको भावना कहिल्यै मर्दैन" भन्ने उदाहरण यो शिविरले पेस गरेको छ । पोखरा महानगरपालिका वडा नं. १३ को आयोजनामा हालै निःशुल्क बृहत् मुटु तथा मधुमेह रोग परीक्षण शिविर सम्पन्न भयो । कार्यक्रममा स्व. बोधराज बराल स्मृति प्रतिष्ठान र जनकल्याण समिति पोखरा-१३ सहयोगी संस्थाका रूपमा रहेका थिए भने सहरी स्वास्थ्य केन्द्र कुँडहर-१३ ले प्राविधिक समन्वय गरेको थियो । स्व. बोधराज बरालको देहावसानपछि शोकमा डुबेको मनलाई सम्हाल्दै परिवारजनले उहाँकै स्मृतिमा समाजका लागि केही असल कर्म गर्ने संकल्प गरेका छन् । सोही अनुरूप बराल परिवारले विगत केही वर्षदेखि शिक्षा र स्वास्थ्यका क्षेत्रमा निरन्तर सहयोग गर्दै आइरहेको छ। शिविरमा स्व. बरालकी धर्मपत्नी निर्मलादेवी बराल, छोरा डा. दीपक बराल, बुहारी डा. एलिना बराल तथा नातिनीहरू अधभिका र आदिश्रीको सक्रिय उपस्थिति रहेको थियो । सकारात्मक सोचका धनी बराल परिवारले हरेक वर्ष समाजमा रचनात्मक कार्य गर्दै आएका छन् । यस वर्ष आफ्नै जन्मस्थानमा आयोजित स्वास्थ्य शिविरमा करिब ४०० जनाले स्वास्थ्य परीक्षण गराएको वडा नं. १३ की महिला स्वास्थ्य स्वयंसेविका सन्ध्या सिग्देलले पोखरापत्रलाई जानकारी दिइन । शिविरमा शहीद गङ्गालाल हृदय रोग केन्द्र, काठमाडौँमा कार्यरत वरिष्ठ मुटुरोग विशेषज्ञ डा. दीपक बरालको नेतृत्वमा डा. निशान राना, डा. मिलन न्यौपाने र डा. प्रकृति रेग्मीको टोलीले बिरामीहरूको स्वास्थ्य जाँच गरेका थिए । त्यस्तै, नर्सिङ कर्मचारी तथा इको प्राविधिकहरू सृष्टि सुवाल, अञ्जली कँवा र सन्जु ज्वारचनले प्राविधिक सेवा प्रदान गर्नुभएको थियो । चिकित्सकहरूको टोलीले मुटु तथा मधुमेहको परीक्षणसँगै निःशुल्क ईसीजी, इको, सुगर जाँच र औषधि वितरणसमेत गरिएको थियो । शिविरमा सेवा लिएपछि स्थानीयका मुहारमा देखिएको सन्तुष्टि र मुस्कानमा स्व. बोधराज बरालकै जीवनदर्शन झल्किएको समाजसेवी माधवप्रसाद आचार्यले पोखरापत्रलाई वताए । शिविरमा सहभागी काहुँखोला निवासी भगवती आचार्यले भावुक हुँदै भन्नुभयो, "बाबु आज शारीरिक रूपमा हामीसँग हुनुहुन्न, तर उहाँले देखाउनुभएको सत्कर्मको बाटोमा हामी हिँडिरहेका छौँ । उहाँको नाममा कसैले स्वास्थ्य सेवा पाउनु नै हाम्रा लागि सबैभन्दा ठूलो श्रद्धाञ्जली हो ।" स्थानीय बासिन्दाहरूले यस सेवामूलक कार्यलाई केवल एक दिने कार्यक्रम मात्र नभई एउटा प्रेरणादायी अभियानको संज्ञा दिएको वडा सदस्य सुचित तामाङले बताइन । शोकलाई शक्तिमा, आँसुलाई सेवामा र सम्झनालाई समाजप्रतिको उत्तरदायित्वमा रूपान्तरण गर्न सफल यो शिविरले स्व. बरालको नामलाई अझै अमर बनाएको वडा सदस्य बल बहादुर बरालले उल्लेख गरे । कार्यक्रमको सञ्चालन सहरी स्वास्थ्य केन्द्र वडा नं. १३ की प्रमुख राधा गरंजा गरेकि थिइन् ।



फेवातालमा पर्यटकः
पोखराको फेवातालमा आइतबार बिहान डुङ्गा सयर गरेर मनोरञ्जन लिँदै आन्तरिक पर्यटक ।
तस्बिरः राधिका कँडेल/रासस

# विन्ध्यवासिनी माविको ७९ औं बार्षिकोत्सव सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस



पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले बाटुलेचौरस्थित विन्ध्यवासिनी माविमा शैक्षिक अक्षयकोष स्थापना गरेका छन् ।

विद्यालयको ७९ औं बार्षिकोत्सव एवं अभिभावक दिवस समारोहको अवसरमा १ लाख ११ हजार १ सय ११ रूपैयाँको अक्षयकोष स्थापना गरेका हुन् । आफ्ना बुबा र भाइ शिवराजले अध्ययन गरेको र उनीहरूको सम्मान स्वरुप अक्षयकोष स्थापना गरेको मेयर आचार्यले बताए ।

कार्यक्रमका प्रमुख अतिथि समेत रहेका मेयर आचार्यले सबै पक्षको सहकार्यबाट मात्र सामुदायिक विद्यालयलाई अब्बल बनाउन सकिने उदाहरण यस विद्यालयले पुष्टि गरेको बताए। उनले सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढेको बताउँदै, कमजोर विद्यालयको शैक्षिक गुणस्तर वृद्धिमा सघाउन महानगर तयार रहेको स्पष्ट पारे। राष्ट्रिय परीक्षा बोर्ड प्रदेश कार्यालय पोखराका प्रमुख भाष्कर‌राज पन्तले शिक्षक, अभिभावक र विद्यालय प्रशासनको समन्वयबाट मात्र सफलता प्राप्त गर्न सकिने बताए । कार्यक्रममा विद्यालयमा महत्वपुर्ण मानिएको अध्यक्ष अवार्ड प्रधानाध्यापक कृष्णप्रसाद आचार्यलाई प्रदान गरिएको छ । व्यवस्थापन समितिको समन्वयमा अध्यक्षले चयन गर्ने सो अवार्ड पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, प्रदेश परीक्षा व्यवस्थापन कार्यालय प्रमुख भास्कर दत्त पन्त, वडाध्यक्ष अमृत शर्मा तिमिल्सीना, पुष्पेन्द्र पाण्डे, शिक्षा अधिकृत जीवन प्रसाद रेग्मीले अवार्ड र सम्मानपत्र सहित सम्मान गरे ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीप थापाले सो सर्वोत्कृष्ट अवार्डको घोषणा गरेका थिए । सम्मानित भएपछि प्रधानाध्यापक आचार्यले प्राप्त सम्मान आफ्नो मात्र नभई विद्यालयको समग्र शैक्षिक तथा भोतिक विकासमा अहोरात्र खट्ने शिक्षक कर्मचारी प्रतिको सम्मान भएको बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्दीप थापाको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, सल्लाहकार वेनीबहादुर बस्नेत, शिक्षक अभिभावक संघका अध्यक्ष भीम प्रसाद पौडेल, वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, विद्यार्थी प्राप्ति आचार्य, अस्मिता क्षेत्री लगायतले बोलेका थिए।सो अवसरमा विभिन्न अक्षयकोषबाट प्राप्त छात्रवृत्ति वितरण पनि गरिएको छात्यस अवसरमा अक्षयकोषदातालाई पनि सम्मान गरिएको थियो।प्रधानाध्यापक कृष्णप्रसाद आचार्यले बार्षिक प्रतिवेदन पेश गरेको कार्यक्रमको सञ्चालन शिक्षक महेन्द्रमणि पौडेलले गरेका थिए । उद्घाटन अघि मेयर आचार्यले विद्यालयका संस्थापक पण्डित मुक्तिनाथ शर्माको शालिकमा माल्यार्पण समेत गरेका थिए ।

## कांग्रेसलाई ...

विगतको कमजोरी र त्रुटीबाट पाठ सिकेर आगामी दिनमा राष्ट्रिय हित एवं लोकतान्त्रिक मूल्य मान्यताप्रति अविचलित रहने प्रतिबद्धता व्यक्त गर्दै प्रस्तावमा जनभावनाअनुसार निष्ठा र सेवाको राजनीतिमा समर्पित रहने दृढ सङ्कल्प गरिएको छ ।

योग्यता, क्षमतामार्फत नयाँ ऊर्जा र प्राण भर्दै 'निरन्तरतामा नवीनता'को मान्यताअनुरुप कांग्रेसलाई आजको समयको चेतअनुसारको अब्बल, गतिशील र आधुनिक सङ्गठन बनाउने सङ्कल्प गरिएको छ । पार्टीका सिद्धान्त, विचार र नीतिलाई जनताको भावनाअनुसार अद्यावधिक, परिमार्जन, व्याख्या तथा पुनःव्याख्या गरी सैद्धान्तिक-वैचारिक रुपान्तरण गर्न आवश्यक भएको प्रस्तावमा उल्लेख छ । विसं २०८० फागुनमा गोदावारीमा सम्पन्न महासमिति बैठकबाट पारित 'निर्वाचन अगाडिको गठबन्धन'सम्बन्धी नीतिको स्मरण गर्दै प्रस्तावमा भविष्यमा हुने आवधिक निर्वाचनमा निर्वाचनपूर्व गठबन्धन (प्रि-इलेक्सन एलाइन्स) नगरिने प्रतिबद्धता जनाइएको छ । "हामी आफ्नै जनता र पार्टीको शक्तिको आधारमा एक्लै लड्नेछौँ, आफ्ना मतदातालाई चुनाव चिह्न 'रुख' मा मात्रै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौँ", प्रस्तावमा भनिएको छ । प्रस्तावमा भ्रष्टाचारको आरोप लागेका नेता र सदस्यलाई आरोप लागेको मितिदेखि पदबाट स्वतः निलम्बन, कुनै पनि खालको भागबण्डामा भाग नलिने, राज्यका संस्थालाई दलीयकरणबाट मुक्त गर्ने, संसद्लाई केबल सरकार बनाउने सङ्ख्याको रूपमा मात्र नभइ नीति निर्माता र निगरानीकर्ताका रूपमा सबल, प्रभावकारी र सशक्त बनाइने सङ्कल्प लिइएको छ ।

निर्वाचन खर्चलाई पारदर्शी बनाउन प्राप्त मतभारका आधारमा राजनीतिक दललाई राज्य कोषमार्फत अनुदान उपलब्ध गराउने, दलहरूको आर्थिक गतिविधिमा कठोर वित्तीय अनुशासन कायम गर्ने व्यवस्था लागू गरिने, 'नो भोट'को कानुनी सुश्चितता र विदेशमा रहेका नेपालीको मतदानको अधिकारलाई सुनिश्चित गरिनेछ । महामन्त्री थापाको प्रस्तावमा देशको प्रमुख कार्यकारी (प्रधानमन्त्री) को दुई कार्यकाल मात्रै हुने, राज्य संयन्त्रको गैरदलीयकरण र संस्थागत सुधार, प्रियतावादको चुनौती सामना गर्दै उदार लोकतन्त्रको रक्षा, राष्ट्रहित तथा राष्ट्रिय स्वार्थलाई सर्वोच्च प्राथमिकता दिइनेलगायत सङ्कल्प गरिएको छ ।

## गण्डकी ...

क्षेत्रको सहकार्यमा यसलाई दुई अङ्कमा पुऱ्याउन सकिने उनले बताए । कोशी प्रदेशका मन्त्री पराजुलीले संघ सरकारले पर्यटनसम्बन्धी ऐन तथा कानुन समयानुकूल संशोधन गर्नुपर्ने आवश्यकता औंल्याए। भारतसँग नाका जोडिएको कोशी प्रदेशमा भारतीय पर्यटकको ठूलो सम्भावना रहेको उल्लेख गर्दै उनले अन्तरप्रदेश सहकार्यबाट पर्यटन विस्तार हुने विश्वास व्यक्त गरे । गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेले तेस्रो मुलुकबाट आएका पर्यटक मात्र नभई भारतीय र आन्तरिक पर्यटकलाई समेत समान रूपमा पर्यटकका रूपमा मूल्यांकन गर्नुपर्ने बताए। कनेक्टिभिटी नहुँदासम्म अन्तरप्रदेश पर्यटन प्रवर्द्धन सम्भव नहुने उल्लेख गर्दै उनले तत्काल अन्तरप्रदेशस्तरीय हवाई उडान सुरु गर्न जोड दिए ।

नेपाल पर्यटन बोर्डका निर्देशक रोहिणी खनालले कृषिदेखि संस्कृति, पदयात्रा, होमस्टे सहितका आतिथ्यसँग जोडिएको पर्यटनबाट दुबै प्रदेशका जनताले लाभ लिन सक्ने दाबी गरे । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले पर्यटनका लागि राष्ट्रिय स्तरमै स्पष्ट र ठोस नीति आवश्यक रहेको बताए । नेपाल पर्यटन बोर्डका पूर्व केन्द्रीय सदस्य वासुदेव त्रिपाठीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबारे निर्माण प्रक्रियामा त्रुटि भएको भन्ने गलत भाष्य फैलिन नदिन आग्रह गरे । होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मणप्रसाद सुवेदीले अब संख्यात्मक पर्यटक भन्दा गुणात्मक, खर्च गर्न सक्ने र लामो बसाइ अवधि रहने पर्यटक भित्र्याउने रणनीतिमा जानुपर्नेमा जोड दिए । पोखरा-भरतपुर, पोखरा-भद्रपुर तथा पोखरा-विराटनगर जस्ता हवाई सेवा सञ्चालनमा रहे पनि हाल ती सेवा अवरुद्ध हुँदा एक प्रदेशबाट अर्को प्रदेश हवाई मार्ग हुँदै यात्रा गर्न पर्यटकलाई कठिनाइ भएको नाट्टा गण्डकीका निवर्तमान अध्यक्ष हरिराम अधिकारीले बताए ।

यसैगरी टान गण्डकीका अध्यक्ष कृष्ण आचार्यले २१ दिन लाग्ने ट्रेकिङ पदमार्गहरू अहिले एक सातामै सीमित हुँदै गएको गुनासो गर्दै पदमार्ग संरक्षण र पर्यटक व्यवस्थापनमा ध्यान नदिए नेपालको पर्यटन भविष्य नै अन्योलमा पर्न सक्ने चिन्ता व्यक्त गरे । कार्यक्रममा कोशी प्रदेशको चियाले छुट्टै पहिचान बनाइसकेको उल्लेख गर्दै चिया व्यवसायी तथा मुद्रा सटही व्यवसायी सङ्घका अध्यक्ष रूपकराज मिश्रले कोशीको चियालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ब्रान्डिङ गर्नुपर्ने सुझाव दिए । पोखराका आर्थिक पत्रकार दीननाथ बरालले पर्यटन प्रबर्द्धनसंगै पर्यटकहरुको तथ्याङ्क अनिवार्य रुपमा अध्यावधिक गर्न सुझाव दिए। कार्यक्रममा सहभागी वक्ताहरूले कोशी र गण्डकी प्रदेशबीचको पर्यटन प्रवर्द्धनका लागि हवाई र सडक मार्गमा पर्यटकीय स्तरका बस सेवा सञ्चालन गर्न समेत जोड दिएको कोशी प्रदेशको पर्यटन मन्त्रालयका पर्यटन महाशाखा प्रमुख कृष्ण प्रसाद न्यौपानले बताए । पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश तथा कोशी प्रदेश पर्यटन वर्ष २०८२ सचिवालयको आयोजनामा सम्पन्न उक्त कार्यक्रमलाई कोशी र गण्डकी प्रदेशबीचको पर्यटन सहकार्यको नयाँ अध्यायका रूपमा हेरिएको छ ।


**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**

**REPAIR AND RENOVATION OF WORKS OF THE EOI, PPO POKHARA FOR THE FY 2025-2026**

1. Sealed tender documents/quotations are invited from reputed bidders for the following repair/ maintenance works of EoI, PPO Pokhara:-
   1.1 Renovation of Toilet and Bathroom of MK Pandey Dormitory of EoI, PPO Pokhara.
2. The last date of receipt of offer in sealed envelope (Technical Bid and Financial Bid) separately in each work is on or before 20 Jan 2026 up to 1700 hrs. The notice is also available on website www.indianembassy.org.np and eprocure.gov.in. The bid documents to be downloaded from Embassy of India Kathmandu, Nepal website under Tender Notices.Tele No 061-434240/061-435804/061-435805.
3. Bidders may visit the proposed work site before submitting the bids.

**Asst Military Attache (P) &**
**Officer-in-Charge**
**Embassy of India**
**Pension Paying Office**
**Rambazar, Pokhara (Nepal)**



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
– पल क्लिथेरोई

## सम्पादकीय

# राष्ट्रियसभालाई प्रभावकारी बनाउने अवसर

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रिय सभाको अधिवेशन माघ ४ गते आव्हान गरेका छन । मन्त्रिपरिषद्ले माघ ४ गते अधिवेशन वोलाउन सिफारिस गरेको थियो । माघ ११ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन हुँदैछ । माघ ६ गते प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि मनोनयन गर्ने दिन हो । जेनजी आन्दोलनबाट बनेको सरकारले प्रतिनिधिसभा विघटन गरेपछि जनताको आवाज वोल्ने जनप्रतिनिधि संस्था राष्ट्रिय सभा हो । त्यो अप्ठ्यारो परेको बेला बैठक वोलाइन । आवश्यक भएको बेला अधिवेशन नवोलाउने अहिले राष्ट्रको ध्यान निर्वाचनमा गएको बेला आव्हान हुनु निर्वाह गरेको जस्तो हो । राष्ट्रिय सभा स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्ग हो । यसमा प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व हुन्छ । यसले व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनलाई सम्बोधन गर्छ । संविधानले राष्ट्रिय सभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । सीमान्तकृत र लोपोन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागितालाई सुनिश्चित गरिएको छ । समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभा अपरिहार्य मानिएको छ ।

प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा राष्ट्रिय सभा सदस्य निर्वाचित गरिन्छ । यसमा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी ५६ जना निर्वाचित हुन्छन् । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिलासहित तीन जना गरी राष्ट्रिय सभामा ५९ सदस्य रहने व्यवस्था गरिएको छ । प्रत्येक दुई वर्षमा एक तिहाइ सदस्यले कार्यकाल पूरा गर्नुहुन्छ । रिक्त पद पूर्तिका लागि नयाँ निर्वाचन हुन्छ । यस पटक राष्ट्रिय सभाका रिक्त १९ जना सदस्यमध्ये १८ जनाको आउँदो माघ ११ गते चुनाव हुँदै छ ।

आगामी फागुन २० गतेसम्म पदावधि रहेका १९ जना सांसद बिदा हुने छन् । तिनमा नेकपा (एमाले) का आठ जना र नेकपा (माओवादी केन्द्र) का सात जना रहेका छन् भने नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका एक-एक सदस्य अनि मनोनीत सदस्य एक जना रहेका छन् । विदाइ हुन लागेकाहरुले छ वर्षमा गरेका कामको मूल्यांकन र समीक्षा हो।नयाँ आउनेलाई राष्ट्रिय सभालाई प्रभावकारी बनाउन दिने सुझाव हुने आशा गर्न सकिन्छ ।

राष्ट्रिय सभाको निर्वाचन नेपालमा निर्वाचक मण्डलमार्फत हुने दुई प्रमुख चुनावमध्येको एक हो । माथिल्लो सदनका साथै राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन पनि यही विधि अनुसार गरिन्छ । यसले अप्रत्यक्ष रूपमा जनताको मतको प्रतिनिधित्व हुने गर्छ । निर्वाचित भएर आउने सदस्यहरूको छ/छ वर्ष कार्यकाल हुन्छ । एवंरीतले राष्ट्रिय सभा निरन्तर चल्दै जान्छ । राष्ट्रिय सभाका लागि सात प्रदेशमध्ये प्रत्येकबाट आठ/आठ र बाँकी तीन जना मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । आउँदो माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनमा १८ सिटका लागि ४४ जनाको उम्मेदवारी परेको ।

कोशी प्रदेशबाट अन्य समूहका काङ्ग्रेसका सुनील बहादुर थापा निर्विरोध निर्वाचित भएका छन।मनोनयनमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल तथा नेपाल मजदुर किसान पार्टीका तर्फबाट मनोनयन दर्ता भएको छ । जसपा र लोसपा बीच एकता हुने भएको कारण जसपाले मधेस प्रदेशका तीन उमेदवार निस्कृय बनाउने भएको छ ।

यस पटक राष्ट्रिय सभा निर्वाचनका लागि कांग्रेस, एमाले तथा जनता समाजवादी पार्टी नेपालले गठबन्धन गरेर सिट बाँडफाँट गरेका छन् । मुलुकको नीति निर्माणमा मुलुकवासी सबैको प्रतिनिधित्वको परिकल्पना राष्ट्रिय सभामा गरिएको छ । सोही अनुसार यसको गरिमा बढाउन सबैको प्रतिनिधित्व जति आवश्यक छ त्यो भन्दा बढी प्रभावकारी भूमिका अपेक्षित छासंविधानले परिकल्पना गरेजस्तो बनाउन दलहरू तयार नभएकोले धेरै आशा गर्न नसकिए पनि राष्ट्रिय सभाका सदस्यहरूको भूमिका अब प्रभावकारी हुनैपर्छ । राष्ट्रिय सभा स्थायी सदन भएको हुँदा आउँदो अधिवेशन जति दिन चल्ला प्रभावकारी बनाउन पाका नेताहरूले भूमिका खेल्नु जनताको हितमा हुनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : शत्रुको भय | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चिसो बढेसँगै मुस्ताङमा पर्यटकीय रौनक घट्यो

रासस
मुस्ताङ, २८ पुस

हिउँदयामको अत्यधिक चिसो बढेसँगै धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङमा पर्यटकीय रौनक घट्दै जान थालेको छ । अत्यधिक चिसो बढेसँगै सदरमुकाम जोमसोमका होटललगायत यहाँका राष्ट्रिय राजमार्गमा सञ्चालित होटल सुनसान हुन थालेका छन् ।

हिउँदयामको मौसममा यहाँको पर्यटन व्यवसाय ठप्पै हुने गर्छ । यसैका कारण यहाँ हुन पर्यटकीय 'अफसिजन'को छेकोमा यहाँका पर्यटन व्यवसाय जाडो छल्ने बहानामा बैंसीतर्फ झर्छन् । पछिल्लो समय बेनी-जोमसोम सडक सहज भएकाले यहाँ कतिपय पर्यटन व्यवसायी पर्यटक पर्खिएर बसेका छन् । हिउँदयामको अत्यधिक चिसो बढेसँगै पोखरा-जोमसोम हवाइसेवा एक महिनाअगावै उडान स्थगित भइसकेको छ । राष्ट्रिय राजमार्ग सडकमा पनि पर्यटक सवार सवारीसाधनको चाप निकै न्यून भइरहेको छ । माथिल्लो मुस्ताङमा गत कात्तिकमा यस यामको पहिलो हिमपात भएको थियो भने तल्लो मुस्ताङमा हिमपात भएको छैन । तर, यहाँ हिउँदयामसँगै अत्यधिक चिसो र उत्तरी हावाहुरीको प्रभावले जनजिवन प्रभावित बनेको छ । पुस लागेसँगै यतिबेला बिहान र बेलुकीका समयमा माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिगी सेल्सियस र तल्लो मुस्ताङको तापक्रम माइनस १० डिग्री सेल्सियससम्म झर्ने गरेको छ ।

यहाँ हिउँदयामको उन्मादको उत्तरी हावाहुरीको प्रभावका कारण स्थानीय नागरिक सहजै घर बाहिर हिँडडुल गर्नसक्ने अवस्था छैन । यहाँ मध्याह्नपख मौसम खुलेर घाम लागे पनि उत्तरी हावाहुरीसँगै चिसो सिरेटो चल्न थालेपछि दैनिक जनजीवनका असर परेको छ । अत्यधिक चिसोका कारण माथिल्लो मुस्ताङका लोमान्थाङका होटल र स्थानीयका घर पुरै बन्द छन् । त्यहाँका नागरिक घरमा ताल्चा मारेर जाडो छल्न बैंसी झरिसकेकाले माथिल्लो मुस्ताङ पूरै सुनसान बनेको एक्याप लोमान्थाङका कार्यालय प्रमुख उमेश पौडेलले बताउनुभयो । यहाँस्थित मुक्तिनाथका होटल खुले पनि पर्यटकीय चहलपहल देखिँदैन ।

होटल र घरका स्थानीय नागरिक पर्यटकीय अफसिजन भएकाले आलोपालो गरेर बैंसी झर्ने गरेका छन् भने आंशिक जनशक्तिले होटल खोलेर बसेका छन् । बर्खायाममा खचाखच पर्यटकले भरिने यहाँका अधिकांश होटलले अफसिजनका कारण खाली भएका छन् । हिउँदयामको पुस र माघ महिना अधिकांश मुस्ताङवासी जाडो छल्न बैंसी झर्छन् । माथिल्लो मुस्ताङका नागरिक भने कात्तिक नलाग्दै जाडो छल्न बैंसी झर्ने र वैशाख लागेपछि मात्रै माथि उक्लन्छन् । हिउँदयाम अत्यधिक चिसोसँगै माथिल्लो मुस्ताङमा खोला, शाखा नदी, घरका धारा, सिँचाइ कुलो र घरका सेफ्टी ट्याङकी जमेर बरफ बनेपछि त्यहाँका स्थानीय नागरिकको दैनिक जनजीवन प्रभावित बनेको छ । जाडो छल्न बैंसी नझरी गाउँ कुरेर बसेका स्थानीय नागरिकको स्वास्थ्यमा चिसोले असर पुऱ्याउने गरेको छ । तल्लो मुस्ताङमा स्थानीय किसान अत्यधिक चिसो सहँदै स्याउ बगैँचा व्यवस्थापन कार्यमा लागेका छन् । हिउँदयाम लागेसँगै यहाँ पर्यटकीय चहलपहल ह्वात्तै घटेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । प्रहरी निरीक्षक सन्तोष बस्यालका अनुसार मङ्सिरको तुलनामा पुसमा विदेशी पर्यटक बढे पनि स्वदेशी पर्यटकको सङ्ख्या घटेको छ । मङ्सिरको तुलनामा पुसमा २४ हजार १० अर्थात् ५६ दशमलव ६६ प्रतिशतले स्वदेशी पर्यटकको आगमन घटेको छ । यस वर्षको मङ्सिरमाभन्दा पुसमा विदेशी पर्यटकको आगमन सङ्ख्या पाँच हजार ५५९ अर्थात् ५४ प्रतिशतले वृद्धि भएको छ । प्रहरी स्रोतका अनुसार बेनी-जोमसोम सडकमार्ग हुँदै अझै पनि दैनिक एक-डेढ सय पर्यटक मुस्ताङ आउने गरेको जनाइएको छ । पर्यटकीय याम जस्तो चहलपहल नभए पनि आंशिक रुपमा पर्यटक चिसोयाममा पनि आउने गरेको पाइएको प्रहरी निरीक्षक बस्यालले उल्लेख गर्नुभयो । जिल्ला प्रहरी कार्यालयको पर्यटकीय अभिलेखअनुसार गत आवको साउनदेखि पुससम्म पर्यटकीय आगमनको तुलना गर्दा चालु आवको साउनदेखि पुस २१ गतेसम्म १० दशमलव शून्य पाँच प्रतिशतले पर्यटक आगमन घटेको देखिन्छ । गत आवको सुरुआती छ महिनामा तीन लाख १२ हजार ४७१ आन्तरिक तथा बाह्य पर्यटकले मुस्ताङको भ्रमण गरेका थिए । चालु आवको पुस २१ गतेसम्म हिमाली दुई लाख ८० हजार ९२९ आन्तरिक तथा बाह्य पर्यटक मुस्ताङ भित्रिएको प्रहरीले जनाएको छ । चालु आवको साउनदेखि पुस २१ गतेसम्म दुई लाख २१ हजार ६५३ आन्तरिक र ६० हजार ३४७ बाह्य पर्यटक मुस्ताङ भित्रिएका हुन् । चालु आवको साउनमा एघार हजार ८३१, भदौमा १३ हजार ५५०, असोजमा ६५ हजार ७४०, कात्तिकमा ७९ हजार ८००, मङ्सिरमा ४२ हजार ३७१ र पुस २१ सम्ममा १८ हजार ३६१ जना आन्तरिक पर्यटकले मुस्ताङको भ्रमण गरेका छन् । यसैगरी, साउनमा सात हजार ९५०, भदौमा नौ हजार ६५५, असोजमा नौ हजार ८५९, कात्तिकमा १३ हजार ९६६, मङ्सिरमा छ हजार ६७९ र पुस २१ गतेसम्म १२ हजार २३८ विदेशी पर्यटकले मुस्ताङको भ्रमण गरेका छन् ।

# एक वर्षमा प्रेस स्वतन्त्रता हननका १२१ घटना

रासस
काठमाडौं, २८ पुस

नेपालमा एक वर्षमा प्रेस स्वतन्त्रतता हननका १२१ घटना घटेको पाइएको छ ।

प्रेस काउन्सिल नेपालले आज एक प्रेस विज्ञप्ति जारी गर्दै काउन्सिलमा दर्ता भएका निवेदन र नियमित अनुगमनका आधारमा प्रेस स्वतन्त्रता हननसम्बन्धी घटनाहरूको अभिलेखन गर्ने क्रममा सन् २०२५ जनवरी १ देखि सन् २०२५ डिसेम्बर ३१ सम्ममा उक्त सङ्ख्यामा प्रेस स्वतन्त्रता हननका घटना घटेको जनाएको हो । सबैभन्दा बढी धम्की दुर्व्यवहारका ५० घटना अभिलेख भएका छन् । यसैगरी आक्रमण कुटपिटका ३७, पेसागत असुरक्षाका १५, कब्जा/अवरोधका नौ, पक्राउ प्रयासका पाँच, शङ्कास्पद मृत्युका दुई, नीतिगत बन्देजका दुई र लैङ्गिक हिंसाका एक घटना अभिलेख भएका छन् । प्रदेशअनुसार अनुगमन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा ६२, मधेस प्रदेशमा २७, सदरपश्चिममा आठ, कोशीमा सात, लुम्बिनी र गण्डकीमा ६/६ र कर्णालीमा पाँच घटना घटेका छन् । लैङ्गिक आधारमा एक वर्षभरिमा १९० पुरुष र १० महिला गरी २०० जना पत्रकार/सञ्चारमाध्यमलाई प्रेस स्वतन्त्रता प्रयोग गर्न अवरोध गरिएको देखिएको काउन्सिलले जनाएको छ । यस अवधिमा प्रेस स्वतन्त्रता दुरूपयोगका १० वटा घटना घटेका छन् ।

# स्थानीयको सक्रियतामा सडक बत्ती

पोखरापत्र संवाददाता
स्याङ्जा, २८ पुस

स्याङ्जाको चापाकोट नगरपालिका-५ सेखाममा स्थानीयको सक्रियतामा सडक बत्ती जडान गरिएको छ ।

स्थानीयसँगै आमा समूह र युवा क्लबको सक्रियतामा सेखामस्थित विभिन्न गाउँका चोकचोकमा सडक बत्ती जडान गरिएको हो ।

दामाचौर-क्याक्मी सडकखण्ड र सहायक मार्गस्थित हिलामराङ्ग क्षेत्रका गाउँमा सडक बत्ती जडान गरिएको छ । स्थानीय समाज उत्थान आमा समूह र कालिका युवा क्लबको सक्रियतामा झण्डै एक लाख ५० हजारको लागतमा सडक बत्ती जडान गरिएको छ । हिलामराङ्ग क्षेत्रका एक दर्जन स्थानमा सडक बत्ती जडान गरिएको क्लबले जनाएको छ । सडक दुर्घटनासँगै चोरीका घटनाहरु बढ्न थालेपछि समुदायको खर्चम गाउँको चोकचोकमा सडक बत्ती जडान गरिएको क्लबका पूर्वअध्यक्ष जनक मल्लले जनाए । हिलामराङ्ग, पुलचोक, खेलमैदान, पाण्डेगाउँ, कालिका मन्दिर, खाम्चे, कोल्पाटा, आँपगैरा, कोलडाँडा लगाएतका स्थानमा बत्ती जडान गरिएको छ । सडक बत्ती जडान भएपछि रात्रीकालिन हिडडुलमा सहज भएको छ ।

मासिक रुपमा आउने विद्युत महशुल आमा समूह र क्लबकै समन्वयमा तिर्ने गरी सडक बत्ती जडान गरिएको आमा समूहकी अध्यक्ष विष्णुमाया पंगेनीले जानकारी दिइन् । आफूहरुले स्टीलको पोल र चिम खरिद गरेर ८०/८५ घरपरिवार लाभान्वित हुने गरी गाउँमा सडक बत्ती जडान गरेको पंगेनीले बताइन् ।

बुटवल पावर कम्पनी (बीपीसी) को विद्युत प्रशारण लाइन गरेको गाउँमा विद्युतको मासिक महशुल भने सामान्य आउने गरेको क्लबले जनाएको छ । मासिक रुपमा आउने महशुल, पोल, बत्ती र तार मर्मतको काम आमा समूह र क्लबकै समन्वयमा भुक्तानी गरिदै आएको छ ।

चाडपर्व लक्षित सांस्कृति कार्यक्रम, देउसीभैलो, वार्षिकोत्सव र विभिन्न अवसरमा संकलित रकमबाट सडक बत्ती जडान गरिएको हो । सवारी साधन प्रयोग गर्नेले सहज यात्रा गरेपनि टर्चलाइट र अन्य सहायताले रात्रिकालिन यात्रा गर्नेहरुलाई चोकचोकमा राखिएको सडक बत्ती सहयोगी बनेको स्थानीयले बताएका छन् ।

# थकाली सेवा समितिको केन्द्रीय अध्यक्षमा तुलाचन

पोखरापत्र संवाददाता
मुस्ताङ, २८ पुस



थकाली सेवा समिति नेपालको केन्द्रीय अध्यक्षमा शान्ति तुलाचन निर्विरोध निर्वाचित हुनुभएको छ ।

पोखरास्थित थकाली सेवा समितिको सभाहलमा सम्पन्न चौधौं अधिवेशनले तुलाचनसहित २७ जना केन्द्रीय सदस्यलाई आगामी तीन वर्षका लागि निर्विरोध निर्वाचित गरेको हो । अध्यक्षमा तुलाचनसहित कृष्णप्रसाद शेरचनले दाबी गरे पनि बन्दशत्रमा सहमतिमै तुलाचनलाई अध्यक्ष निर्वाचित गरिएको हो । समितिको सदस्यमा थासाङ क्षेत्रबाट विपना शेरचन र मनप्रसाद गौचन, जोमसोम क्षेत्रबाट मिमकुमारी शेरचन, दाना तातोपानी म्याग्दी क्षेत्रबाट अमृतमान शेरचन, बुटवल क्षेत्रबाट माया गौचन र धर्मेन्द्र शेरचन, टीकापुर क्षेत्रबाट भीम शेरचन, गल्कोट क्षेत्रबाट चन्द्रप्रसाद गौचन, बागलुङ क्षेत्रबाट निर्मल गौचन, कुश्मा क्षेत्रबाट राजु तुलाचन, बेनी क्षेत्रबाट शान्ति भट्टचन चयन हुनुभएको छ । यसैगरी दरबाङ क्षेत्रबाट अनुप गौचन, पोखरा क्षेत्रबाट ओम गौचन, इ रुचिन्द्र गौचन र योगेन्द्र शेरचन, वीरेठाँटी क्षेत्रबाट कृष्ण गौचन, स्यालीघाङ क्षेत्रबाट भुपालसिंह शेरचन, मुग्लिन क्षेत्रबाट विकास तुलाचन, भैरहवा क्षेत्रबाट संञ्जय शेरचन, रुकुम क्षेत्रबाट वसन्त गौचन र काठमाडौं क्षेत्रबाट खगेन्द्र भट्टचन, इ रामकृष्ण शेरचन, मिमप्रसाद शेरचन र विश्व शेरचन निर्विरोध निर्वाचित भएका नवनिर्वाचित अध्यक्ष तुलाचनले जानकारी दिनुभयो ।

केन्द्रीय समितिको आयोजना तथा पोखरा क्षेत्रको सहआयोजनामा शुक्रबारदेखि आइतबार तीन दिनसम्म अधिवेशन सञ्चालन भएको थियो । नेपालमा रहेका २० वटा र विदेशमा रहेका चार वटा गरी २४ वटा क्षेत्रीय समितिबाट २४५ जनाको प्रतिनिधिको अधिवेशनमा सहभागिता रहेको थियो ।

# मुस्ताङमा ४८ घण्टादेखि विद्युत् सेवा अवरुद्ध

पोखरापत्र संवाददाता
मुस्ताङ, २८ पुस

यहाँका पाँच वटै स्थानीय तहमा शनिबार साँझदेखि नियमित विद्युत् सेवा अवरुद्ध भएको छ । मुस्ताङको घरपझोङ-३ स्थित विद्युत् वितरण संस्था निलगिरि उपभोक्ता सहकारी संस्थाले हावाका कारण केन्द्रीय विद्युत् प्रसारण लाइनमा क्षति पुगेपछि सेवा अवरुद्ध भएको जनाएको हो ।

थासाङ गाउँपालिका-४ मिसीस्थित केन्द्रिय विद्युत् प्रसारण लाइनको खम्बामा हावाहुरीले क्षति पुऱ्याएपछि नियमित प्रसारण भइरहेको विद्युत् ४८ घण्टादेखि अवरुद्ध भएको विद्युत् वितरण संस्थाका कार्यालय प्रमुख सनप्रसाद थकालीले जानकारी दिनुभयो । उहाँका अनुसार सुरुमा थासाङ-२ स्थित ३३ केभी सवस्टेसन मर्मतका लागि सेवा अवरुद्ध गरिएकामा आइतबार राति आएको हावाहुरीले विद्युत् का खम्बामा क्षति पुऱ्याएपछि सेवा अवरुद्ध भएको हो ।

कार्यालय प्रमुख थकालीले खम्बामा क्षति भएका स्थानमा विद्युत् प्राधिकरणका प्राविधिक टोली मर्मतका लागि परिचालित भइसकेका जानकारी दिनुभयो ।

थासाङ-२ कोवाङमा प्राधिकरणको ३३ केभी सवस्टेसन रह पनि माथिल्लो क्षेत्रमा ३३ केभी सवस्टेसन नहुँदा विद्युत् प्रसारणमा समस्या हुँदै आएको छ ।

थासाङ-१ टुकुचेमा १३ मेगावाट क्षमताको थापाखोला हाइड्रोले विद्युत् उत्पादन गरिरहे पनि माथिल्लो क्षेत्रमा सवस्टेसन नहुँदा केन्द्रीय प्रसारण लाइनमा प्राविधिक समस्या आएमा मुस्ताङ अन्धकारमय हुने गरेको प्रमुख थकालीले बताउनुभयो । थापाखोला हाइड्रोले उत्पादित विद्युत् प्राधिकरण वितरण गर्दै आएको छ । जिल्लाका माथिल्लो क्षेत्रमा प्राधिकरणको पहुँच स्थापित नहुँदा मुस्ताङमा पटकपटक विद्युतीय समस्या उत्पन्न हुने गरेको स्थानीयले गुनासो गरेका छन् । हिउँदयामको अत्यधिक चिसो मौसममा विद्युत् आपूर्ति बन्द हुँदा सरकारी कार्यालयका नियमित कामकाजका साथै स्थानीयलाई टेलिभिजन हेर्न, मोबाइल चार्ज गर्नलगायत दैनिक काममा समस्या परेको एक्याप लोमान्थाङका प्रमुख उमेश पौडेलले उल्लेख गर्नुभयो ।

## सार्वजनिक सूचना

बागलुङ सिगाना-१ बस्ने रस माया श्रीस मगरको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. २९ को कित्ता नं. ८०५३, ८०५७ को क्षेत्रफल १०७.३१२३ वर्गमिटर भएको जग्गामा घर निर्माण कार्य गर्ने क्रममा पूर्व तर्फ कि.नं. १५२९६, ९९४२ का सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. २९ को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# मुग्लिन-आँबुखैरेनीको समानान्तर सडक रेखाङ्कन स्वीकृत

**पोखरापत्र संवाददाता**
दमौली, २८ पुस

गण्डकीप्रदेशकोमुख्यप्रवेशद्वार पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन-पोखरा सडक विस्तारको काम भइरहेको छ । मुग्लिन-पोखराको पूर्वीखण्डअन्तर्गत आँबुखैरेनी-मुग्लिन खण्डमा समानान्तर सडक निर्माणका लागि रेखाङ्कन स्वीकृत भएको हो ।

सरकारले मुग्लिन-पोखरा सडकअन्तर्गत आँबुखैरेनी-मुग्लिन खण्डमा त्रिशूली नदीको पारिपट्टि समानान्तर नयाँ सडक खोल्ने स्वीकृति दिएको आयोजना निर्देशनालयका आयोजना निर्देशक चुडाराज ढकालले जानकारी दिनुभयो । "मुग्लिनबाट आँबुखैरेनीसम्म हालको राजमार्गको आधारमा समानान्तर सडक बन्ने भएको हो । मुग्लिन बजारको पारिपट्टि त्रिशूली किनारमा गोर्खातर्फ सडकको रेखाङ्कन गरिएको सूचना राजपत्रमा प्रकाशित भइसकेको छ", उहाँले भन्नुभयो ।

मुग्लिन बजारको पारिपट्टि गोर्खातर्फका त्रिशूली किनारबाट मर्स्याङ्दी नदीको बायाँ किनार हुँदै मर्स्याङ्दी विद्युत् गृहको पारिपट्टिसम्म नयाँ सडकको रेखाङ्कन गरी उक्त सडकको केन्द्ररेखाबाट दायाँबायाँ दुवैतिर १५-१५ मिटरका लागि सडकको सीमा तोक्ने निर्णय गरिएको छ", निर्देशक ढकालले भन्नुभयो । मुग्लिन र मर्स्याङ्दी विद्युत् गृह कटेरीसँगै पुल निर्माण हुने उहाँको भनाइ छ । अहिले भइरहेको सडकलाई विस्तार गर्न प्राविधिक समस्या रहेकाले मर्स्याङ्दी र त्रिशूली नदीमाथि दुई वटा पुल निर्माण गर्न लागिएको उहाँले बताउनुभयो । "मुग्लिन-आँबुखैरेनी सडकखण्डअन्तर्गत कूल नौ दशमलव ३८४ किलोमिटरमध्ये मर्स्याङ्दी नदी पारि चार दशमलव ४५६ किमी नयाँ सडक निर्माण हुनेछ", ढकालले भन्नुभयो, "सडक निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन पूरा गरिसकिएको छ । यो आयोजनाको सुरुवात मुग्लिनस्थित नारायणगढ चोकमा पर्छ । यहाँबाट सुरु भई तनहुँको आँबुखैरेनीमा पुगेर सम्पन्न हुन्छ ।" एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा गोर्खातर्फ करिब पाँच किमी सडक निर्माण हुनेछ । मर्स्याङ्दी वारिपारि दुई-दुई लेनका सडक निर्माण हुनेछन् । "यो मुग्लिन-पोखरा सडकखण्डको एक खण्ड हो । आँबुखैरेनीबाट पोखरासम्म अहिले धमाधम सडक विस्तारको काम भइरहेको छ", निर्देशक ढकालले भन्नुभयो । आयोजनाका अनुसार अहिले सञ्चालन भइरहेको मुग्लिन-आँबुखैरेनी सडकलाई स्तरोन्नति गरी एक लेन (एकतर्फी) बनाइनेछ ।

मर्स्याङ्दी पारि भने दुई लेन एकतर्फी बाटो बनाइने आयोजना कार्यालयले जनाएको छ । त्रिशूली नदी र मर्स्याङ्दी नदी गरी दुई स्थानमा बन्ने पुलले यो आयोजनालाई जोड्ने ढकालले जानकारी दिनुभयो । यो आयोजनाले गोर्खाको सहिदलखन गाउँपालिकालाई पनि छुनेछ । निर्देशक ढकालका अनुसार आयोजनाको कूल लागत रु तीन अर्ब ९७ करोड ४७ लाख २१ हजार रहेको छ । पृथ्वीराजमार्गमा रहेको मर्स्याङ्दी जलविद्युत् आयोजनाको कम्पोनेन्टका कारण साविकको सडक विस्तार गर्न सम्भव नभएपछि यो आयोजनाका लागि मर्स्याङ्दी पारी नयाँ लेन बनाउन लागिएको आयोजनाले जनाएको छ । साविकको सडकमा अस्तव्यस्त भिरालो जमिन हुनुका साथै गोर्खातर्फको भागमा सडक बनाउँदा जलविद्युत् आयोजनाका कुनै पनि भागमा क्षति नहुने भएकाले नयाँ सडक बनाउन लागिएको आयोजनाको भनाइ छ । यसले गोर्खातर्फको ग्रामीण बस्तीलाई सहरमा परिणत गर्ने र त्यसले यातायात सुविधा, स्थानीय बजार-पसल र लघु उद्यममा सहयोग पुग्ने आयोजनाको प्रतिवेदनमा उल्लेख छ । मुग्लिनमा त्रिशूली नदीमाथि १२० मिटर लामो पुल र मर्स्याङ्दी नदीमाथि १२५ मिटर लामो पुलले साविकको मुग्लिनबाट आँबुखैरेनी सडकलाई जोड्नेछ । सरकारले विसं २०७५ मर्स्याङ्दी नदीको बायाँ किनारमा दुई लेनको सडक निर्माणको रेखाङ्कन स्वीकृत गरेको थियो ।

# पोखरा स्पोर्ट्स अवार्ड वैशाखमा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा हुने १० औँ पोखरा स्पोर्ट्स अवार्ड २०८२ को मिति घोषणा गरिएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष एमबी आस्था मगरको अध्यक्षतामा सोमबार बसेको कार्यसमिति बैठकले वैशाख १८ गते अवार्ड गर्ने निर्णय गरेको हो । अवार्ड समारोहमार्फत गण्डकी प्रदेशको खेलकुद विकासमा योगदान पुर्‍याएका खेलाडी, प्रशिक्षक, खेलकुद संस्था तथा पत्रकारलाई सम्मान गरिनेछ । समारोहमा विभिन्न विधा अन्तर्गत पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ । अवार्डका विधाहरूमा लाइफटाइम एचिभमेण्ट अवार्ड, वर्ष उत्कृष्ट पुरुष, वर्ष उत्कृष्ट महिला, वर्ष उत्कृष्ट उदयमान, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलकुद क्लब/संस्था तथा वर्ष उत्कृष्ट खेल पत्रकार रहेका छन् । नवौं संस्करण सफलतापूर्वक सम्पन्न भइसकेको अवस्थामा १० औं संस्करणको स्पोर्ट्स अवार्ड सरोकारवाला सबैको साथ, सहयोग र सल्लाहमा भव्य बनाउने गरी लागिपर्ने अध्यक्ष आस्थामगरले बताए । अवार्डका लागि प्रदेश खेलकुद गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको विशेष सहयोग रहेको छ । अवार्डले गण्डकी प्रदेशको खेलकुद प्रवर्द्धन तथा खेल पत्रकारिताको सम्मानमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास आयोजकको रहेको छ ।

# त्रिशूलीमा भेटिएको बसको उत्खनन

**पोखरापत्र संवाददाता**
दमौली, २८ पुस

तनहुँको आँबुखैरेनी गाउँपालिका-५, दुन्द्राङबेँसीस्थित त्रिशूली नदी किनारमा फेला परेको बसको सोमबार पनि उत्खनन गरिने भएको छ । नारायणगढ-मुग्लिन सडकखण्डमा पहिरोले बगाएर त्रिशूली नदीमा खसेको बसको अवशेष आइतबार भेटिएपछि उत्खनन गरिएको थियो ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले आइतबार दिनभर बसको उत्खनन गरेका थिए । आज पनि उक्त कार्य जारी रहने जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ । जिल्ला प्रहरी कार्यालय तनहुँका अनुसार बिहान १० :४५ बजेको समयमा त्रिशूली नदी किनारमा एउटा बसको अगाडिको केही भाग पुरिएको अवस्थामा फेला परेको थियो ।

उक्त बस विसं २०८१ असार २८ गते चितवनको भरतपुर महानगरपालिका-२९ अन्तर्गत सिमलताल क्षेत्रमा काठमाडौँबाट गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ख२४९५ नम्बरको 'गणपति डिलक्स' लेखिएको बस हुनसक्ने जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो । सूचना प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय साराङघाटबाट प्रहरी नायब निरीक्षकको नेतृत्वमा दुई र इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट प्रहरी निरीक्षकको नेतृत्वमा १२ जनाको टोली घटनास्थलमा खटिएको छ । घटनास्थलमा बस नदी किनारमा पुरिएको अवस्थामा देखिए पनि पूर्ण रूपमा यकिन हुन नसकेको प्रनाउ विकले बताउनुभयो । हाल पुरिएको बस उत्खनन गर्ने कार्य तथा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# मिस्टर एन्ड मिस बिश्वकर्मा गण्डकी सिजन-३ को उपाधि निश्चल र स्वेक्षालाई

**पोखरापत्र संवाददाता**
पोखरा, २८ पुस

बिश्वकर्मा समुदायको पहिचान, संस्कृति र प्रतिभा उजागर गर्ने उद्देश्यले आयोजना गरिएको 'मिस्टर एन्ड मिस बिश्वकर्मा गण्डकी सिजन-३' कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।

बी ब्रोज इन्टरटेन्मेन्टको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा समुदायभित्र रहेका युवायुवतीहरूको आत्मविश्वास, व्यक्तित्व विकास र सामाजिक चेतनालाई केन्द्रमा राखिएको थियो । विभिन्न प्रतिस्पर्धात्मक चरण पार गर्दै मिस्टर बिश्वकर्मा तर्फ निश्चल सुनार र मिस बिश्वकर्मा तर्फ स्वेक्षा बि.क. ले उपाधि हात पार्न सफल भएका छन् । विजेताहरूले उपाधिसँगै निर्णायक मण्डल तथा दर्शकको प्रशंसा पनि बटुलेका थिए। त्यसैगरी प्रतियोगितामा फस्ट रनरअप तर्फ



संगिता ल्वागुन, सेकेन्ड रनरअप तर्फ संगिता सुनार तथा अर्गनाइजर च्वाइस अवार्ड बिबिसा बिश्वकर्मा ले प्राप्त गरेकी छन् । विजेताहरूले मिस्टर एन्ड मिस बिश्वकर्मा राष्ट्रिय प्रतियोगितामा सिधै सहभागिता जनाउने अवसर, नगद पुरस्कारसहित आकर्षक उपहारहरू प्राप्त गरेका छन्। कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले बिश्वकर्मा समुदाय ऐतिहासिक रूपमा सीप, कला र श्रमसँग जोडिएको समुदाय भएको उल्लेख गर्दै यस्ता कार्यक्रमले समुदायको आत्मसम्मान र पहिचान मजबुत बनाउने बताए ।

कार्यक्रमका विशेष अतिथि लोकप्रिय गायक प्रकाश सपुतले विजेता तथा सहभागीहरूलाई शुभकामना दिँदै बिश्वकर्मा समुदायको संघर्ष, प्रतिभा र सम्भावनाको खुलेर प्रशंसा गरे। कार्यक्रमको अर्को आकर्षणका रूपमा बिश्वकर्मा समुदायको मौलिक पोषाक सार्वजनिक गरिएको थियो, जसले समुदायको संस्कृति र पहिचानलाई थप उजागर गरेको सहभागीहरूको भनाइ थियो ।

प्रतियोगिताको मूल्यांकन अनुभवी तथा प्रतिष्ठित निर्णायक मण्डलद्वारा गरिएको थियो । निर्णायकको भूमिकामा डिजाइनर अमित बराल, सामाजिक अभियन्ता सारिका गुरुङ, मिस्टर एन्ड मिस बिश्वकर्मा नेशनल सिजन-४ का विजेता शौरव बिश्वकर्मा तथा डिजाइनर शुष्मा गुरुङ रहेका थिए । निर्णायकहरूले सहभागीहरूको व्यक्तित्व, प्रस्तुति, आत्मविश्वास र सामाजिक दृष्टिकोणका आधारमा मूल्यांकन गरेका थिए । कार्यक्रममा मञ्जु बि.क., बिपास सुनार र समिर रामदमले सांगीतिक तथा मनोरञ्जनात्मक प्रस्तुति दिएका थिए ।

# चन्दा र श्रमदानबाट घार देउरालीमा दृष्यावलोकन केन्द्र निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ पुस

अन्नपूर्ण गाउँपालिका-६ घारको देउरालीमा स्थानीयवासीले सरकारी निकायको सहयोगबिनै दृष्यावलोकन केन्द्र निर्माण गरेका छन् ।

भुवानी युवा परिवारले दुई वर्षअघि दिवङ्गत हुनुभएका संस्थापक सदस्य स्व कृष्णप्रसाद बरुवालको स्मृतिमा दृष्यावलोकनस्थल निर्माण गरेका हुन् । श्रमदान बाहेक करिब रु दुई लाख सहयोग जुटाएर देउरालीडाँडा पुग्ने पदमार्ग, रेलिङ, विश्रामस्थल निर्माण र सूचनापाटी स्थापना गरेको परिवारका अगुवा श्यामप्रसाद खड्काले बताउनुभयो । "देउरालीलाई पर्यटकीयस्थलको रुपमा विकास गर्नका लागि संस्थाका संस्थापक बरुवालको स्मृतिमा पूर्वाधार निर्माण गरेका हौँ", उहाँले भन्नुभयो "पहाडको टुप्पोमा रहेको देउरालीमा पदमार्ग र रेलिङ तथा आराम गेरर दृष्यावलोकन गर्ने व्यवस्था मिलाएपछि पर्यटकलाई सहजका साथै सुरक्षित भएको छ ।" भवानी युवा परिवारले रु एक लाख २० हजारसहित रु एक लाख ८५ हजार ५०० सहयोग जुटेको थियो । पाँच जनाले श्रमदानमा सहभागीलाई करिब रु १३ हजार बराबरको खाजा खुवाएका थिए । पैतीस जनाले सरदर दुई दिनका दरले श्रमदान गरेका थिए । सबैभन्दा बढी नौ दिन श्रमदान गर्नुभएका खड्काले थप रु तीन हजार बराबरको गिट्टी र बालुवा सहयोग गर्नुभएको छ ।

समुद्री सतहदेखि एक हजार ७८४ मिटर उचाइमा रहेको देउरालीबाट निलगिरि र अन्नपूर्ण हिमशृङ्खला, पहाडी भूगोल, ग्रामीण बस्ती, नागबेली परेर बगेको कालीगण्डकी नदीको दृष्यावलोकन गर्न सकिन्छ । घार, शिख, पाउद्वार, भुरुङ-तातोपानी, दाना, नारच्याङ गाउँ अवलोकन गर्न सकिने देउराली शान्त र एकान्त छ। पोखरेबगर-चित्रे-घोडेपानीको भुवानेदेखि १० मिटर पैदलयात्रा गरेपछि देउराली पुगिन्छ। त्यहाँ पुग्ने कच्ची सडक पनि छ। पोखरेबगर-चित्रे सडक विश्व प्रसिद्ध अन्नपूर्ण चक्रीय पदमार्गमा समेटिएको प्रमुख पर्यटकीयस्थल घोडेपानी जोडिन्छ । घोडेपानी घुम्न आउने पर्यटकको बसाइ लम्बाउन र स्थानीय आर्थिक गतिविधिलाई चलायमान बनाउन देउरालीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गराउन पहल गरिएको अन्नपूर्ण-६ का वडाध्यक्ष रामबहादुर खड्काले बताउनुभयो ।

# सडक सञ्जालमा जोडिँदै गुर्जा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २८ पुस

'टुप्पीभन्दा माथि ठाउँ छैन, गुर्जाभन्दा माथि गाउँ छैन,' म्याग्दीमा प्रचलित यो भनाइले धवलागिरि गाउँपालिका-१ मा रहेको गुर्जाको विकटतालाई झल्काउँछ ।

हालसम्म विकट र दुर्गम बस्तीका रूपमा चिनिएको गुर्जालाई चालु आर्थिक वर्षभित्र नै सडक सञ्जालमा जोड्ने लक्ष्यसहित धवलागिरि गाउँपालिकाले योजना निर्माण सुरु गरेको छ । लुलाङ-गुर्जा सडक योजनामार्फत चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्जालसँग जोड्न लागिएको गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो । "आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको लुलाङ-गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकता प्राप्त योजना हो," उहाँले भन्नुभयो, "यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग



खुलेको थियो ।" चालु आर्थिक वर्षमा रु एक करोड ७० लाख बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्स्ट्रक्सनले भैसीमाने खाल्टादेखि भिरसो भन्ने ठाउँसम्म करिब एक किलोमिटर मार्ग खोलिसकेको छ । यसै महिनामा रु ८८ लाख ८५ हजारमा ठेक्का सम्झौता भएको थियो । थप चार किलोमिटर सडकको मार्ग खुलेमा गुर्जा यातायात सञ्जालमा जोडिने धवलागिरि गाउँपालिका-१ का वडाअध्यक्ष भक्कबहादुर छन्त्यालले बताउनुभयो । "दुई वर्षअघि सम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो," उहाँले भन्नुभयो "हाल गाडी पुग्ने भिरसोदेखि ३० मिनेट पैदलयात्रा गरेर गुर्जा पुगिन्छ ।" गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको वडाअध्यक्ष छन्त्यालले बताउनुभयो ।

सडकको मार्ग खोल्नाका साथै विभिन्न ठाउँमा ग्याबियन, मेसिनरी र पलम पर्खाल पनि निर्माण भएको छ । मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फराकिलो पार्न, पक्की नाला बनाउन चालु आर्थिक वर्षमा सङ्घीय सरकारको सहरी विकास मन्त्रालयबाट रु. तीन करोड र गण्डकी प्रदेश सरकारले रु ५० लाख विनियोजन गरेको छ । गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको छ । दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमा नै अस्पताल पुर्‍याउन सहज भएको छ । अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जा म्याग्दीको छवटा स्थानीय तहका ४५ मध्य सडक यातायातको सुविधा नपुगेको एक मात्र वडा हो । एउटै बस्ती एकै वडामा समेटिएको दुई ६५ घरधुरी रहेको गुर्जाको जनसङ्ख्या एक हजार ५०५ जना छ । खानी उत्खननका लागि आएका छन्त्याल र दलित समुदायले गुर्जामा बस्ती बसाएका इतिहास छ । सडकको पहुँच नहुँदा खच्चड, घोडा र भरियामार्फत खाद्यान्न तथा निर्माण सामग्री ढुवानी गर्दा खर्च महँगो लाग्ने गरेको छ । बिरामीलाई अस्पताल पुर्‍याउन हेलिकप्टर चार्टर गर्नुपर्छ । सडक यातायातको सुविधा भएपछि गुर्जाका बासिन्दालाई सहज हुनाका साथै आन्तरिक पर्यटकको आगमन पनि बढ्ने अपेक्षा गरिएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताउनुभयो ।

# गोरखाका २५ मतदान केन्द्र अझै सडक सञ्जाल बाहिर

**पोखरापत्र संवाददाता**
गोरखा, २८ पुस

गोरखाका २५ मतदानस्थल अझै सडक सञ्जालसँग जोडिएका छैनन् । जिल्लाका जम्मा २२५ मतदानस्थलमध्ये २०० मतदानस्थल भने सडक सञ्जालसँग जोडिएका छन् ।

अधिकांश हिमालपारिका गाउँपालिका चुमनुब्रीरकेहीधार्चेकामतदानस्थल सडक सञ्जालदेखि तीन दिन दूरी टाढा सम्मका रहेका निर्वाचन कार्यालय गोरखाले जनाएको छ । चुमनुब्री गाउँपालिकाका २४ र धार्चेका एक मतदानस्थल सडक सञ्जालसँग जोडिएका छैनन् । निर्वाचनका कर्मचारी तथा सुरक्षाकर्मीहरू चुमनुब्री गाउँपालिकाका मतदानस्थल पुग्न कम्तीमा तीनदिन पैदल हिँड्नुपर्ने बाध्यता छ । सबैभन्दा टाढा चुमनुब्री-१ को साम्दो आधारभूत विद्यालय केन्द्र रहेको छ । त्यहाँसम्म पुग्न सडक पुगेको चुमनुब्री-३ पाङसिङबाट कम्तीमा तीन देखि चार दिनसम्म पैदल हिँड्नुपर्छ । सोही वडाको गौरीशङ्कर आधारभूत विद्यालय मतदानकेन्द्र पुग्न पनि कम्तीमा तीन दिन पैदल हिँड्नुपर्छ । वडा नं ७ को छुलेनिले आधारभूत विद्यालय केन्द्र पुग्न तीन दिन हिँड्नुपर्छ ।

जिल्ला निर्वाचन कार्यालयले उपलब्ध गराएको विवरणअनुसार चुमनुब्री-२ को गाविस भवन स्यो केन्द्र, सामुदायिक भवन ल्हो केन्द्र, वडा नं ७ के बुद्ध आधारभूत विद्यालय केन्द्र र छेकम आधारभूत विद्यालय केन्द्र पुग्न पनि निर्वाचनका कर्मचारीहरू सडकदेखि दुई दिनसम्म पैदल हिँड्नुपर्छ । वडा नं ४ को प्रोक आधारभूत विद्यालय प्रोक, हिम्चुली आधारभूत विद्यालय छाक, नाम्रुङ स्वास्थ्यचौकी केन्द्र, क्वाक आधारभूत विद्यालय क्वाक पुग्न पनि दुई दिन पैदल हिँड्नुपर्छ । कार्यालयबाट प्राप्त विवरणअनुसार क्राक आधारभूत विद्यालय केन्द्र, गुम्बा हिमाली आधारभूत विद्यालय केन्द्रसम्म पुग्न एक दिन पैदल हिँड्नुपर्छ । वडा नं ६ को सिप्चेत आधारभूत विद्यालय केन्द्र, चुम्लिङ आधार भूत विद्यालय केन्द्र, सिद्धगणेश आधारभूत विद्यालय केन्द्र र खार सामुदायिक खोपकेन्द्र पुग्न पनि सडकदेखि एक दिन पूरै पैदल हिँड्नुपर्ने बाध्यता छ ।

वडा नं ३ को बुद्ध मावि केन्द्र, बुद्ध हिमाली आधारभूत विद्यालय न्याक केन्द्र, सिदुङ आधारभूत विद्यालय सर्प्यू केन्द्र, फिलिम आधारभूत विद्यालय पाती केन्द्र पनि सडक सञ्जालसँग जोडिएको छैन । ती केन्द्रहरू एक घण्टादेखि चार घण्टासम्म पैदल हिँड्नुपर्ने दूरीमा छन् । धार्चे गाउँपालिका-१ हुलचुक मतदान केन्द्रसम्म सडक निर्माण गरिए पनि मोटर चल्ने अवस्थाको नभएको वडाध्यक्ष रामसिङ गुरुङले बताउनुभयो । त्यहाँ पुग्न करिब दुईघण्टा पैदल हिँड्नुपर्छ । ती मतदान केन्द्रहरूबाट मतपेटिका ओसार्न विगतमा हेलिकप्टरको प्रयोग गरिएकाले यसपटक पनि हेलिकप्टर माग गरिएको प्रमुख जिल्ला अधिकारी तुलसी श्रेष्ठले बताउनुभयो ।